नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, कपिलवस्तु

फोन नं. :- ०७६-५५०३४७
इमेल :-pmamp.piu.kapilvastu@gmail.com
वेबसाइट :- www.kapilvastu.pmamp.gov.np

पत्र संख्याः २०८२/८३
चलानी नं.:

# आ.व. २०८२/८३ को स्वीकृत कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

## सूचना नं. १०/२०८२/८३

प्रकाशित मितिः २०८२।०८।०१

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, कपिलवस्तु (साविकको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, कपिलवस्तु) को चालु आ.व. २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार धान सुपरजोन, माछा जोन र तरकारी जोनको कार्यक्षेत्रमा तपसिलको कार्यक्रम सञ्चालन गर्न यस एकाइ अन्तर्गत सुचिकृत भएका कृषक समूह/कृषि सहकारी संस्था/निजी फर्म/कम्पनी/वन/जल उपभोक्ता समितिहरुले एकाइले माग गरेको तपसिल अनुसारका कागजात सहित ७ (सात) दिन अर्थात मिति २०८२/०८/०७ गते भित्र आवेदन पेश गरी दर्ता गर्नुहुन सम्बन्धित सबैमा यो जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

| क्र. सं. | कार्यक्रम बिवरण | इकाई | लक्ष्य | स्वीकृत बजेट रु. लाखमा | कैफियत |
|---|---|---|---|---|---|
| जोन/सुपरजोनको कार्यक्षेत्र भित्र सञ्चालन गर्न सकिने कार्यक्रम | | | | | |
| १ | तरकारी/फलफुल भण्डारणका लागि चिस्यान केन्द्र/Cold chamber निर्माण सहयोग | संख्या | १ | ११ | व्यवसायिक उत्पादन क्षेत्र हुनुपर्ने (कार्यक्रम कार्यान्वयन म्यानुअलमा उल्लेखित अनुदान सीमा रहने) |

**आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु**

१. रु. १० को हुलाक टिकट टाँसेको परियोजनाले निर्धारित गरेको अनुसुचि-१० फर्मेट भरि अनुमानित लागत ईष्टिमेट प्रष्ट खुलाई पेश गर्ने (अनुसुचि-१० फर्मेट परियोजनाको वेबसाईट www.kapilvastu.pmamp.gov.np बाट download गर्न सकिनेछ)।
२. प्रस्तावकको नेपाली नागरिकताको प्रतिलिपि।
३. जग्गा/जमिनको जग्गाधनी प्रमाण-पूर्जाको प्रतिलिपि (जग्गाको न्यूनतम मापदण्ड पुरा हुनुपर्नेछ, जस्तैः धान सुपरजोन/तरकारी जोन तर्फ कार्यक्रम प्रस्तावकले कम्तीमा १० कठ्ठा क्षेत्रफलमा सम्बन्धित बालीको खेती व्यवस्थापन गर्ने गरेको र माछा जोन तर्फ कम्तीमा ६ कठ्ठा जलाशय क्षेत्रफल पुग्ने गरी मत्स्य पालन व्यवसाय सञ्चालन गरेको हुनु पर्नेछ)।
४. कृषक समुह/कृषि सहकारी संस्था/वन/जल उपभोक्ता समिति/कम्पनी/कृषि उद्यमी (फर्म) दर्ता प्रमाण पत्रको प्रतिलिपि।
५. स्थायी लेखा नम्बर दर्ता (PAN) प्रमाण पत्रको प्रतिलिपी।
६. आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी। (कार्यक्रम छनौट हुनुभन्दा पूर्व आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्र पेश नगरेमा आवेदन छनौटको प्राथमिकतामा नपर्ने)
७. कृषक समुह/कृषि सहकारी संस्था/वन/जल उपभोक्ता समिति/कम्पनी/कृषि उद्यमी (फर्म) को कार्यक्रम माग गरेको निर्णय प्रतिलिपि।
८. निर्माण/कार्यक्रम (कोल्ड चेम्बर तथा संकलन केन्द्र) सञ्चालन गरिने स्थान समूह/सहकारी/कम्पनी/फर्मको नाममा रहेको जग्गा/जमिनको जग्गाधनी प्रमाण-पूर्जाको प्रतिलिपि।
९. करारमा जग्गा लिएको भए कम्तिमा १० बर्षको करार सम्झौता।
१०. फर्म/उद्यमी/कम्पनीको हकमा गत आ.व.हरुमा सोही प्रकृतिको कार्यक्रमहरुमा अनुदानमा प्राप्त गरेको भए पुनः निवेदन दिन नपाउने वा निवेदन दिएपनि छनौट प्राथमिकतामा नपर्ने।
११. प्रस्तावकले समान प्रकृतिको कार्यक्रमका लागि अन्य कुनै सरकारी, गैरसरकारी संघ संस्थाबाट अनुदान सहयोग प्राप्त गरेको भए स्पष्ट रूपमा कार्यक्रम कार्यान्वयन एकाइलाई जानकारी गराउनु पर्नेछ। अन्य निकायहरुबाट सोही प्रकृतिको कार्यक्रमहरुबाट लाभान्वित नभएको र दोहोरो नपर्ने व्यहोरा सहितको प्रतिबद्धता पेश गर्नु पर्नेछ।
१२. कार्यालयले माग गर्ने अन्य आवश्यक कागजात सहित सम्पूर्ण कागजातहरू उल्लेखित क्रम अनुसार फाईलिङ गरि सम्पर्क नम्बर उल्लेख गरी पेश गर्नु पर्नेछ।

राकेश कुमार ओझा
वरिष्ठ कृषि अधिकृत